अगाडिको आवरण पृष्ठ

# मदन घुम्न गए




लेखकः राम प्रसाद आचार्य

तह ५, कक्षा २


नेपाली




मदनको घर तराईमा छ। मदनका बुबा काठमाडौंमा व्यापार गर्नुहुन्छ। मदनको विद्यालय छुट्टी थियो। उनी बाबासँग काठमाडौँ घुम्न गए।



दनिभर गाडीमा हाँडेपछि काठमाडौं पुगयिो। गाडीमा चढ्दा उनलाई रमाइलो लाग्यो।
उनले अग्लाअग्ला पहाड देखेका थएिनन्। उनलाई मज्जा लाग्यो।




गाडीमा चढेपछि उनले झ्यालबाट बाहिरि हेररिहे। पहाड मुनि नदी बगरिहेको थियो। यो देखेर उनी रमाए। उनले डाँडा माथिका घरहरू देखे। उनलाई अनौठो लाग्यो।




डाँडापाखा उनकालागि नौला कुरा थिए। गाडीबाट गाउँ वस्ती खेतहरू देखिए। उनलाई रमाइलो लाग्यो। उनी बाबासँग काठमाडौं पुगे।



मदनको बाबाले उनलाई काठमाडौं घुमाउनुभयो। उनी बाबासँग पशुपति मन्दिर गए। हनुमान ढोका पनि गए। त्यहाँका मठमन्दिर हेरे। रानी पोखरी पनि घुमे।




अन्त्यमा बाबाले उनलाई भृकुटीमण्डपमा लएिर जानुभयो। त्यहाँ मेला लागरिहेको थयिो। मानसिहरूको घुँइचो पनि थियो।



त्यहाँ थुप्रै बालबालिका थिए। उनलाई बालबालिका देख्दा झन् खुसी लाग्यो। त्यहाँ उनले पिङ पनि खेले। पिङमा पासाङ पनि थियो। दुवैले एकअर्कालाई भेटे।



एकआपसमा कुरा पनि गिरे। पासाङ पनि त्यहाँ घुम्न आएका रहेछन्। दुवैले सँगै बसेर खाजा खाए। उनीहरू साथी भए। "अब जाऊँ" मदनको बाबाले भन्नुभयो।



उनीहरू हात हल्लाउँदै बिदा भए। फर्कने बेलामा मदनले झोला पनि किने। दिनभरि घुम्दा उनी थकित देखिन्थे। भोलिपल्ट बिहानै बाबासँग घर फर्किए।



उनले आमालाई नयाँ झोला देखाए। त्यही नयाँ झोला बोकेर वद्यिालय गए। उनले काठमाडौंको बारेमा साथीहरूलाई बताए।

शीर्षक पृष्ठ

मदन घुम्न गए

Images on pages Front Cover, १० by International Illustrations: The Art Of Reading 3.0, © 2009 SIL International. CC-BY-ND 3.0.

Images on pages १, ५, ७, ९ by us, © 2018 Curriculum Development Center of Nepal.

Images on pages २, ३, ४, ६, ८, ८ by us, © 2018 Curriculum Development Center of Nepal. CC-BY-ND 3.0.

तहगत, तह ५

This book has been developed under the Enabling Writers Project with the support of the Curriculum Development Centre-Ministry of Education, Science and Technology Nepal, Language Commission- Government of Nepal, Samunnat Nepal and World Education.

नेपालीNepal

श्रेय पृष्ठCopyright © 2019, Enabling Writers Project - World Education-Nepal

http://creativecommons.org/licenses/by/4.0/तपाईंले यस रचनालाई व्यापारिक प्रयोजनका लागि प्रयोग गर्न पाउनुहुन्छ। तपाईंले यस रचनालाई समायोजन गर्न वा यसमा आफ्नो तर्फबाट थपथाप गर्न पाउनुहुन्छ। तपाईंले लेखक, चित्रकार, इत्यादिको प्रतिलिपि अधिकार सूचना र नाम राख्नुपर्छ।

अगाडिको आवरण पृष्ठको भित्रिपट्टी

यस पुस्तकको बारेमा: नेपाली भाषामा तयार गरिएको यो पुस्तक कक्षा २ मा अध्ययनरत भाइबहिनीहरूका लागि हो। यो पुस्तक देवनागरी लिपिका सबै वर्ण र मात्रा सिकिसकेका बालबालिकाको स्वतन्त्र पठनका लागि तयार पारिएको हो। पढाइ सीपको विकास गर्नका लागि यस पुस्तकलाई शिक्षकले नयाँ शब्द सिकाउन, नमुना पठन गर्न र बोध शिक्षणका लागि प्रयोग गर्न सक्नेछन्।

The End